**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल**

**आदेश**

**०७९-WO-०९६४**

बिषयः- परमादेशसमेत।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ बस्ने अधिवक्ता सुवास पाठक ........................................................................................१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १७ बस्ने अधिवक्ता रितेश पौडयाल........................................................................................१

भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका वडा नं. ११, कौसलटार बस्ने अधिवक्ता दिपेश ढकाल........................................................................१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १४, मदननगर बस्ने काठमाडौं विश्वविद्यालयमा सार्वजनिक नीति तथा व्यवस्थापनमा स्नातकोत्तर अध्ययनरत सम्पूर्ण बस्नेत........................................................................१

मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं. ८ बस्ने नेशनल ल कलेज, पुल्चोकमा कानूनमा स्नातक अध्ययनरत सदिन कार्की....................................१

निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ............१

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार..................................................१

नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार..................................................१

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार..........१

सङ्घीय संसद सचिवालय...........................................................................१

नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय, नक्साल..............................................१

नेपाल राष्ट्र बैङ्क, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं............................१

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल..........................१

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं......................................१

विपक्षी

लघुवित्त बैङ्कर्स सङ्घ, काठमाडौं महानगरपालिका वडा नं. १, भगवती बहाल, नक्साल, काठमाडौं.........................................................................१

नेपालको संविधानको धारा ४६ र १३३ को उपधारा (२) र (३) बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. हामी निवेदकहरु कानून व्यवसायी, कानून अध्यापनकर्ता, मानव अधिकारकर्मी, कानून, सार्वजनिक नीति तथा व्यवस्थापनको विद्यार्थी हौं। यस निवेदनमा उठान गरिएको विषय नेपालमा कानूनी शासन, नेपालमा रहेका न्यून आय भएका व्यक्तिहरुको हकहित तथा नेपालको समग्र अर्थतन्त्रसँग सम्बन्धित रहेको र निवेदकको लघुवित्तमा लगानी समेत रहेको हुँदा प्रस्तुत विषयमा रिट निवेदन दायर गर्न हाम्रो हकदैया हुनुको साथै सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको छ। आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम बैङ्किङ्ग सेवालाई अटुट रुपमा सञ्चालन गर्नु पर्ने आवश्यक सेवाको रुपमा तोकिएको छ। नेपाल राष्ट्र बैङ्कबाट "घ" वर्गको वित्तीय संस्थाको इजाजतपत्र प्राप्त लघुवित्त संस्थाले बैङ्क तथा वित्तीय संस्थाको पहुँच नभएको ग्रामीण क्षेत्रमा आर्थिक सामाजिक रुपमा पिछडिएका महिला तथा विपन्न वर्गलाई आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गर्दै आएका छन्। २०७९ असोज मसान्तसम्मको विवरण अनुसार ७७ वटै जिल्लामा लघुवित्त संस्था रहेका, लघुवित्त संस्थामा कुल ५८,५९,५३० सदस्य रहेका र सोमध्ये ३% पुरुष र ९७% महिला सदस्य छन्। २०७९ असोज मसान्तसम्म सबै लघुवित्तले रु.३,८९,५०,५०,००,०००।- लघु ऋण प्रवाह गरी नेपाल सरकारलाई रु. ६४,२०,००,०००।- कर भुक्तान गरी समग्र देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पुष्टि हुन्छ।

यसरी कानून बमोजिम स्थापित भएका, लाखौं जनताले लाभ लिइरहेका तथा अर्थतन्त्रको महत्वपूर्ण हिस्सेदारका रुपमा सञ्चालनमा रहेका, कानून बमोजिम काम कारबाही गरिरहेका लघुवित्त संस्थाहरुलाई प्रतिकूल असर पार्ने तथा लाभग्राही न्यून आर्थिक अवस्था भएका गरिब तथा निमुखा नागरिकले प्राप्त गरिरहेको आर्थिक सेवा सुविधामाथि नकारात्मक असर पार्ने उद्देश्यले "लघुवित्त विरुद्ध सङ्घर्ष समिति" ले गैरकानूनी भेला, सम्मेलन, आन्दोलन, बहिस्कार लगायतका कार्यक्रम गर्ने, लघुवित्तमा आवद्ध सदस्यहरुलाई धाक, धम्की दिने, लिएको ऋण कर्जा सुविधा

भुक्तानी गर्न चाहने लाभग्राहीलाई भुक्तानी गर्न नदिने, कर्मचारीमाथि भौतिक आक्रमण गर्ने, लघुवित्तको कार्यालयमा आक्रमण गर्ने, लघुवित्तको धितो सुरक्षणमा राखिएको सम्पत्ति असुलउपर गर्दा प्रतिकार गर्ने, लघुवित्त वित्तीय संस्थालाई नै निस्तेज पार्ने हेतुले अन्तर्गल प्रचार गर्ने, आवद्ध रहेका सदस्यहरुसँग गैरकानूनी रुपमा शुल्क उठाउने, अतिरन्जित गर्ने, समाजमा भय सिर्जना गर्ने, झुठा सूचना सम्प्रेषण गर्ने, कर्जा मिनाहाको झुटो आश्वासन दिई जबर्जस्ती समितिमा आबद्ध गर्ने लगायतका अवान्छित तथा उच्छृङ्खल काम कारबाही गरी लघुवित्तलाई धरासायी पार्ने र लघुवित्तको वित्तीय अवधारणालाई नै समाप्त पार्ने सुनियोजित तथा क्रमगद्ध घटनाहरु भइरहेको हुँदा त्यस्ता घटना रोक्नको लागि विपक्षीहरुले कुनै कारबाही नगरेको तथा लघुवित्त कम्पनी, सेवाग्राही, लाभकर्ता, सङ्घ, सङ्गठनले पटक पटक पत्राचार गर्दा समेत विपक्षीहरुले सो सम्बन्धमा कुनै ठोस काम कारबाही नगरेको हुँदा न्यायिक हस्तक्षेपको लागि यो निवेदन लिई उपस्थित भएका छौं। "लघुवित्त विरुद्ध सङ्घर्ष समिति" नामक गुटबन्दीको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा ६०, ६५, ६८ र ११८ तथा अन्य प्रचलित कानूनको विपरीत हुनुका साथै सो गुटबन्दीको गैरकानूनी काम कारबाही रोक्ने सम्बन्धमा विपक्षीहरुको अकर्मण्यताका कारण हामी निवेदकहरु समेतको नेपालको संविधानको धारा १६, १७, २५, ४२, ४४ समेतद्वारा प्रदत्त मौलिक हक र अन्य कानूनी हकको उल्लङ्घन भएको हुँदा देहायको आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको अधिवक्ता सुवास पाठक समेतले दायर गरेको रिट निवेदनः-

(क) "लघुवित्त विरुद्ध सङ्घर्ष समिति" नामक गैरकानूनी गुटबन्दीबाट भइरहेको गैरकानूनी तथा अवान्छित कृयाकलापमा तत्काल प्रतिबन्ध लगाई कानून बमोजिम कारबाही गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरी पाउँ।

(ख) संस्था दर्ता ऐन, २०३४ वा कम्पनी ऐन, २०६३ बमोजम "लघुवित्त विरुद्ध सङ्घर्ष समिति" नाम र कानून विपरीतको उद्देश्य सहितको संस्था दर्ता नगर्नु, नगराउनु भनी प्रतिषेधको आदेश जारी गरी पाउँ।

(ग) बैङ्क तथा वित्तीय संस्थाको सञ्चालनलाई प्रतिकूल प्रभाव पार्ने किसिमबाट विज्ञापन, नारा, जुलुस, प्रचार प्रसार गर्ने गराउने, बैङ्क तथा वित्तीय संस्थाका कर्मचारीले कानून बमोजिमको अख्तियारी प्राप्त गरी गरेको काम कारबाहीमा अवरोध सिर्जना गरी आन्दोलन, हड्ताल गरी कर्तव्य निर्वाह गर्न बाधा गर्ने गराउने, कानून बमोजिमको काम कारबाही गर्ने बैङ्कका कर्मचारी तथा परामर्शदातालाई अवरोध गर्ने, आक्रमण गर्ने, कुटपिट गर्ने, बैङ्क तथा वित्तीय

संस्थाका भवन, सवारी साधन, अन्य स्रोत साधनमाथि आक्रमण गर्ने गराउने लगायतका कार्यहरुलाई आपराधिककरण गर्न आवश्यक कानून बनाउनु वा विद्यमान कानूनमा संशोधन गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरी पाउँ।

२. यसमा के कसो भएको हो? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र भए प्रमाण समेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र प्रत्यर्थी नं. १, २, ३, ४, ५, ६, ८ र ९ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र प्रत्यर्थी नं. ७ र १० को हकमा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखितजवाफ पेस गर्नु भनी यो आदेश र निवेदनपत्रको प्रतिलिपिसमेत साथै राखी प्रत्यर्थीहरुका नाममा म्याद/सूचना जारी गरी लिखितजवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

निवेदकले अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा निवेदन व्यहोराबाट नै लघुवित्त कार्यक्रमप्रति सरोकारवाला नागरिकको असन्तुष्टि अभिव्यक्त भएको भन्ने प्रकृतिको व्यवहार देखिएको, यसरी असन्तुष्टि व्यक्त गर्दा कानून प्रतिकूल अभद्र तवरबाट गर्न नमिल्ने/नपाउने भएको र कसैले कुनै गैरकानूनी कार्य गरेको अवस्था भएमा तत्सम्बन्धी कानून स्वभाविक रुपमा आकर्षित हुन सक्ने नै देखिँदा निवेदकको माग बमोजिम तत्काल अन्तरिम आदेश जारी गर्न मिलेन भन्ने व्यहोराको यस अदालतबाट मिति २०७९।१२।०२ मा भएको आदेश।

३. रिट निवेदनमा उठाइएको विषय नेपाल सरकारको अधिकारक्षेत्रभित्रको विषय भएको तथा निवेदनमा उठाइएको विषयसँग सम्बन्धित विधेयक प्रस्तुत भएमा नेपालको संविधान, संसदीय विधि र प्रक्रियाबमोजिम संसदमा छलफल गरी विधेयक पारित गर्ने सन्दर्भमा यस सचिवालयको सहयोग रहने हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको विपक्षी सङ्घीय संसद सचिवालयको तर्फबाट पेस भएको लिखित जवाफ।

४. कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्न तथा नागरिकका अधिकारको संरक्षण गर्न मन्त्रालय प्रतिवद्ध रहेको छ। यस मन्त्रालयबाट निवेदकको हक अधिकार हनन् हुने कुनै काम, कारबाही नभएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको विपक्षी गृह मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

५. शान्ति सुरक्षा, अपराध अनुसन्धान, रोकथाम र नियन्त्रणको सन्दर्भमा नेपाल प्रहरी सदैव संवेदनशील रही कार्य गर्दै आइरहेको र यस कार्यालयले निवेदकको हक अधिकारमा आघात पारेको अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको विपक्षी नेपाल प्रहरी प्रधान कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ।

६. रिट निवेदनमा उठाइएको विषय यस विभागको कार्यक्षेत्रभित्र नपर्ने तथा निवेदकको संवैधानिक तथा कानूनी हक अधिकारमा बाधा पुग्ने गरी यस कार्यालयबाट कुनै काम कारबाही नबएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको विपक्षी वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र कम्पनी रजिस्ट्रारको कार्यालयको तर्फबाट पेस भएको एकै मिलान बेहोराको छुट्टाछुट्टै लिखित जवाफ।

७. लघुवित्त संस्था विरोधी क्रियाकलापका सम्बन्धमा सङ्घ उदासीन नरहेको, यस सङ्घले समय समयमा विज्ञप्ती प्रकाशित गरी सम्बन्धित निकायको ध्यानाकर्षण गराउदै आएको, नेपाल सरकारका गृहमन्त्रीसमक्ष निवेदन पेस गरेको, मिति २०७९।०९।०५ मा सङ्घ र लघुवित्तीय संस्था विरुद्धको सङ्घर्ष समितिका बिच १२ बुँदे सम्झौता भएको, सो सम्झौताको जानकारी मिति २०७९।०९।०६ को पत्रमार्फत नेपाल राष्ट्र बैङ्कका गभर्नरलाई गराइएको, मिति २०७९।११।१७ मा सङ्घको तर्फबाट सुरक्षित व्यावसायिक वातावरण कायम गर्न माग गर्दै प्रेस विज्ञप्ति जारी गरिएको, मिति २०७९।१२।०३ मा नेपाल बैङ्कर्स सङ्घ, डेभेलपमेन्ट बैङ्कर्स एशोसिएशन नेपाल, नेपाल वित्तीय संस्था सङ्घ तथा नेपाल लघुवित्त बैङ्कर्स सङ्घको बैठकले संयुक्त प्रेस विज्ञप्ति जारी गरेको समेतका आधारमा लघुवित्त विरुद्धका अवाञ्छित गतिविधिका विरुद्धमा सङ्घ क्रियाशील रहेको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको विपक्षी लघुवित्त बैङ्कर्स सङ्घको तर्फबाट पेस भएको लिखित जवाफ।

८. यस मन्त्रालयबाट निवेदकको अधिकारमा आघात पुग्ने काम कारबाही वा निर्णय भएको छैन। प्रचलित क़ानून प्रतिकूलको कार्यउपर उजुरी गर्ने व्यवस्था सम्बन्धित कानूनमै गरिएको हुन्छ। निवेदकले कानूनी उपचारको सामान्य मार्गको अवलम्बन नगरी रिट क्षेत्राधिकारको माध्यमबाट निवेदन दायर गरेको हुँदा वैकल्पिक उपचारको सिद्धान्तको प्रतिकूल रहेको तथा मुलुकमा नयाँ कानून बनाउने वा भइरहेको कानूनमा संशोधन गर्ने विषय विधायिकी बुद्धिमत्ता तथा क्षेत्राधिकार (Legislative Wisdom and Exclusive Legislative Competence) को विषय हुँदा रिट निवेदन

खारेज गरी पाउँ भन्नेसमेत एकै मिलान बेहोराको विपक्षी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयको तर्फबाट पेस भएको छुट्टाछुट्टै लिखित जवाफ।

९. नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७९(१) बमोजिम नेपाल राष्ट्र बैङ्कले लघुवित्त वित्तीय संस्थाको समेत नियमन गर्दै आएको र "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई एकीकृत निर्देशन जारी गरी त्यस्ता संस्थाको कामकारबाहीलाई व्यवस्थित गर्दै आएको छ। निवेदनमा उठान गरिएको "लघुवित्त विरुद्ध संघर्ष समिति" भन्ने संस्थालाई यस बैङ्कबाट इजाजतपत्र प्रदान नगरिएको र सो संस्था यस बैङ्कको क्षेत्राधिकारभित्र नरहने हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने बेहोराको नेपाल राष्ट्र बैङ्क, केन्द्रीय कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ।

१०. लघुवित्त वित्तीय संस्थाहरुले प्रचलित कानूनबमोजिम कामकारबाही नगरेमा उक्त संस्थाहरुलाई कारबाही हुन सक्ने तथा लघुवित्त संस्थाहरुमा भइरहेका बेथितिको सम्बन्धमा नेपाल राष्ट्रलाई बैङ्लाई नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ र बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम आवश्यक नियमन गर्न सक्ने व्यवस्था रहेको छ। गैरकानूनी काम गर्ने लघुवित्त संस्थालाई सोही ऐन बमोजिम कारबाही हुन सक्ने नै देखिन्छ। रिट निवेदकहरुमध्ये कोही पनि लघुवित्त विरुद्धको सङ्घर्ष समितिको कार्यले गर्दा प्रत्यक्ष रुपमा पीडित भएको लघुवित्त संस्था रहेको भन्ने पनि देखिँदैन। कुनै अमुक पक्षले राज्यभरको लघुवित्त संस्थालाई समष्टिगत रुपमा नकारात्मक असर पुऱ्याएको भनी लिइएको अस्पष्ट जिकिरका सम्बन्धमा अदालतबाट आदेश जारी हुनुपर्ने होइन। साथै, रिट निवेदनमा उठान गरिएका गैरकानूनी काम कारबाहीको सम्बन्धमा सम्बन्धित कानूनमा नै उपचारको यथेष्ट व्यवस्था रहेकै हुँदा असाधारण क्षेत्राधिकार अन्तर्गत रिट निवेदन दायर गर्न मिल्ने पनि नहुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ।

११. निवेदकको वारेस समेत रहेका निवेदक सदिन कार्कीले मिति २०८०।०१।०६ को तारिखमा उपस्थित हुनु पर्नेमा उपस्थित नभई तारेख गुजारी बसेको र कानूनले थाम्ने थमाउने म्यादसमेत व्यतित भइसकेको देखिए पनि प्रस्तुत रिट निवेदनको विषय सार्वजनिक हक र सरोकारको विषय सन्निहित रहेको देखिँदा प्रस्तुत रिट निवेदन तामेलीमा राख्न मिलेन। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५६ को देहाय १ बमोजिम प्रस्तुत रिट निवेदनको सुनुवाईको लागि पेशी तारेख तोकी सोको जानकारी विपक्षीहरुलाई गराई नियमानुसार गरी पेश गर्नुहोला भन्ने बेहोराको यस अदालतको मिति २०८०।०३।०४ को आदेश।

## आदेश खण्ड

१२. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा विपक्षीहरु नेपाल सरकारका निकायहरुका तर्फबाट उपस्थित हुनुभएका विद्वान उपन्यायाधिवक्ता श्री सचित कुमार वाईवाले विपक्षीमध्येका के कुन निकायले के कसरी रिट निवेदकहरुको हक हनन् गरेका हुन् भन्ने रिट निवेदनमा स्पष्ट खुलाइएको देखिँदैन। साथै, रिट निवेदनमा उठाइएका लघुवित्त संस्था विरोधी गैरकानूनी काम कारबाहीको सम्बन्धमा प्रचलित कानून बमोजिम नियमित उपचारको मार्ग अवलम्बन नगरी असाधारण अधिकारक्षेत्र अन्तर्गत उपचार माग गर्न मिल्ने नहुँदा रिट निवेदन खारेज गरी पाउँ भनी बहस गर्नुभयो।

१३. त्यसैगरी विपक्षी नेपाल राष्ट्र बैङ्कको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री स्वेच्छा घिमिरेले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७९(१) बमोजिम नेपाल राष्ट्र बैङ्कले लघुवित्त वित्तीय संस्थाको नियमन गर्दै आएको र एकीकृत निर्देशन जारी गरी कार्यान्वयन हुँदै आएबाट कानूनविपरीतका काम कारबाही गर्ने लघुवित्त संस्थालाई कारबाही हुने नै हुँदा रिट निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहससमेत सुनियो। साथै, निवेदकतर्फका कानून व्यवसायीलाई इजलासबाट पटक पटक पुकारा गर्दासमेत उपस्थित भएको देखिएन।

१४. उपरोक्त तथ्य सहितको रिट निवेदन, लिखित जवाफ र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा निवेदन माग बमोजिम परमादेशसमेतको आदेश जारी हुनुपर्ने हो/होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. निर्णयतर्फ विचार गर्दा, "लघुवित्त विरुद्ध सङ्घर्ष समिति" नामक गुटबन्दीले लघुवित्त संस्थाहरुको कामकारबाहीमा प्रतिकूल असर पार्ने गरी गैरकानूनी भेला, सम्मेलन, आन्दोलन, बहिस्कार लगायतका कार्यक्रम गर्ने, लघुवित्तमा आवद्ध सदस्यहरुलाई धाक, धम्की दिने, लिएको ऋण कर्जा सुविधा भुक्तानी गर्न चाहने लाभग्राहीलाई भुक्तानी गर्न नदिने, कर्मचारीमाथि भौतिक आक्रमण गर्ने, लघुवित्तको कार्यालयमा आक्रमण गर्ने, लघुवित्तको धितो सुरक्षणमा राखिएको सम्पत्ति असुलउपर गर्दा प्रतिकार गर्ने, कर्जा मिनाहाको झुटो आश्वासन दिई जबर्जस्ती समितिमा आवद्ध गर्ने लगायतका अवान्छित तथा उच्छृङ्खल काम कारबाही गरिरहेको र त्यस्तो कार्यबाट निवेदकहरुसमेतको नेपालको संविधानको धारा १६, १७, २५, ४२, ४४ समेतद्वारा प्रदत्त मौलिक हक उल्लङ्घन भएको हुँदा त्यस्ता गैरकानूनी कृयाकलापमा तत्काल प्रतिबन्ध लगाई कानून बमोजिम कारबाही गर्नु गराउनु, "लघुवित्त विरुद्ध सङ्घर्ष समिति" नाम र कानून विपरीतको उद्देश्य सहितको संस्था दर्ता नगर्नु, नगराउनु एवम्

बैङ्क तथा वित्तीय संस्थाको सञ्चालनलाई प्रतिकूल प्रभाव पार्ने कार्यलाई आपराधिकरण गर्न कानूनी व्यवस्था गर्नु भनी परमादेश, प्रतिषेध समेतको आदेश जारी गरी पाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको देखिन्छ। विपक्षीहरुको लिखित जवाफ हेर्दा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ७९ बमोजिम नेपाल राष्ट्र बैङ्कले लघुवित्त वित्तीय संस्थाको नियमन गर्दै आएको, कानूनविपरीत कामकारबाही गर्ने लघुवित्त वित्तीय संस्थालाई कारबाही गर्ने यथेष्ट कानूनी व्यवस्था भई कार्यान्वयनमा रहेको, लघुवित्त संस्था विरुद्धका गैरकानूनी काम कारबाहीउपर प्रचलित कानूनमा नै उपचारको यथेष्ट व्यवस्था रहेको हुँदा कानूनी उपचारको सामान्य मार्गको अवलम्बन नगरी दायर भएको रिट निवेदन वैकल्पिक उपचारको सिद्धान्तको प्रतिकूल रहेको भन्नेसमेतको बेहोरा उल्लेख गरेको देखिन्छ। रिट निवेदकले तारेख गुजारे तापनि सार्वजनिक हक र सरोकारको विषय सन्निहित भई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ५६ को देहाय १ बमोजिम प्रस्तुत निवेदनउपर सुनुवाइको लागि यस इजलाससमक्ष पेस हुन आएको देखियो।

१६. प्रस्तुत रिट निवेदन प्रचलित कानूनबमोजिम इजाजत प्राप्त गरी ७७ वटै जिल्लामा सञ्चालनमा रहेका, कुल सदस्य सङ्ख्या ५८ लाखभन्दा बढी भएका, ३ खर्व ८९ अर्व रूपैयाँभन्दा बढी लघु ऋण प्रवाह गरी समग्र देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका लघुवित्त संस्था विरुद्धका गैरकानूनी काम कारबाही रोकी नेपालमा कानूनी शासन कायम गर्ने विषयसँग सम्बन्धित रहेको देखिँदा निवेदनमा उठान गरिएको विषय सार्वजनिक हक र सरोकारको विषय सन्निहित रहेकोमा द्विविधा देखिँदैन। साथै, प्रस्तुत रिट निवेदन दायर गर्न निवेदकहरुको हकदैयाको सम्बन्धमा विपक्षीहरुले अन्यथा जिकिर लिएको नदेखिएको र निवेदकहरुको लघुवित्तमा लगानी समेत रहेको भन्ने निवेदन जिकिर रहेको देखिँदा प्रस्तुत विषयमा रिट निवेदन दायर गर्न निवेदकहरुको सार्थक सम्बन्ध र तात्विक सरोकार रहे भएकै देखियो।

१७. बैङ्क तथा वित्तीय संस्थाले सर्वसाधारणबाट निक्षेप सङ्कलन गरी सोको लगानीबाट आर्थिक गतिविधि सुचारु गराउने, भुक्तानी प्रणाली सञ्चालन गर्ने, कर्जा प्रवाह गरी विकास निर्माणलाई गति दिने, वैदिशिक व्यापार तथा भुक्तानी व्यवस्थित गर्ने समेतका आर्थिक तथा मौद्रिक कारोबार गरी व्यक्ति, राज्य र विश्व समुदायको आवश्यकता परिपूर्तिमा ठूलो सहयोग गरी आएको तथ्य सर्वस्वीकार्य छ। नेपालजस्तो अल्पविकसित तथा गरिबीको दर उच्च रहेको मुलुकमा बैङ्किङ्ग प्रणालीमा सबै नागरिकको सहज पहुँच स्थापित हुने अवस्था रहँदैन। यस्तो परिवेशमा वित्तीय संस्थामध्ये लघु वित्त वित्तीय संस्थाले मूलतः लघुकर्जा प्रवाह गरी स्वरोजगार प्रवर्धन,

सामूहिक जमानी (Group Guarantee) मा सहज कर्जा प्रवाह तथा स्थानीयस्तरमा मौद्रिक परिचालन गरी अन्ततोगत्वा महिला सशक्तिकरण, वित्तीय साक्षरता विकास, गरिवी निवारण जस्ता आर्थिक-सामाजिक विकासका आयाममा महत्वपूर्ण योगदान पुऱ्याउन सक्नेमा पनि द्विविधा रहन सक्दैन। यसै अवधारणा बमोजिम नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त गरी सञ्चालनमा रहेका लघुवित्त वित्तीय संस्थाहरुको सङ्ख्या २०८२ असार मसान्तमा ५२ वटा रहेको, शाखा सङ्ख्या ५,०२६ रहेको, कुल १४ लाख ७८ हजार समूह, ६२ लाख २१ हजार सदस्य र २७ लाख ६ हजार ऋणी आबद्ध रहेको देखिन्छ।[1] नेपाल राष्ट्र बैङ्कको पछिल्लो वार्षिक प्रतिवेदनबाट लघुवित्त वित्तीय संस्थाहरुको कूल निक्षेप र सापटी क्रमशः रु.१९९ अर्व र रु.२३९ अर्व तथा कुल कर्जा र लगानी क्रमशः रु.४९१ अर्व र रू.१० अर्ब पुगेको देखिन्छ।[2] यसबाट स्थानीयस्तरमा आर्थिक क्रियाकलाप सुचारू गर्न, गराउन तथा राष्ट्रियस्तरमा अर्थतन्त्र परिचालन गर्न समेत लघुवित्त वित्तीय संस्थाको ठूलो योगदान रहेको तथ्यलाई कसैले अन्यथा भन्न सकेको देखिँदैन।

१८. लघुवित्त वित्तीय संस्थाको सञ्चालन, सुपरीवेक्षण तथा नियमन सम्बन्धी विद्यमान कानूनी व्यवस्था हेर्दा बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९(४) मा लघुकर्जा दिने, निक्षेप स्वीकार गर्ने र निक्षेपको भुक्तानी दिने लगायतका "घ" वर्गको वित्तीय संस्थाको रुपमा वर्गीकृत लघु वित्त वित्तीय संस्थाले गर्न सक्ने बैङ्किङ्ग तथा वित्तीय कारोबारको सूची उल्लेख छ। उक्त ऐनको दफा ५० मा वित्तीय संस्थाले गर्न नहुने कामको सूची समेत उल्लेख भएको पाइन्छ। त्यस्तै, दफा ९९ मा कानून उल्लङ्घन गर्ने वित्तीय संस्थालाई नियमनको कारबाही गर्ने व्यवस्था छ भने दफा १०३ मा गैरकानूनी वित्तीय कामकारबाहीलाई कसूर कायम गरी दफा १०४ मा सजायको व्यवस्था गरिएको देखिन्छ। नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम नेपाल राष्ट्र बैङ्कले लघु वित्त वित्तीय संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने व्यवस्था छ। बैङ्किङ्ग तथा वित्तीय प्रणालीको कारोबारमा हुनसक्ने विभिन्न कसूरजन्य कार्यलाई बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ ले सजायको व्यवस्था गरेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाहरुको अधीनमा रही नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाले कानूनले तोके बमोजिमको वित्तीय कारोबार गर्न सक्ने तथा कानूनी व्यवस्था उल्लङ्घन गर्ने वित्तीय संस्थालाई सम्बन्धित नियामक निकायले कानून बमोजिम कारबाही समेत गर्नुपर्ने स्पष्ट व्यवस्था छ। साथै,

[1]नेपाल राष्ट्र बैङ्क, "आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन" पृ.८५

[2]*Id.* पृ.१८

आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम नेपाल सरकारले बैङ्किङ्ग सेवालाई अटुट रुपमा सञ्चालन गर्नु पर्ने र हड्ताल गर्न निषेध गर्ने गरी आवश्यक सेवाको रुपमा तोकेको देखिन्छ।[३] यसबाट प्रचलित कानूनको अधीनमा रही बैङ्किङ्ग कारोबार गर्ने लघुवित्त समेतका वित्तीय संस्था विना अवरोध निरन्तर सञ्चालन हुनु पर्नेमा द्विविधा देखिँदैन।

१९. तथापि, लघुवित्त वित्तीय संस्थाले नाफामा मात्र जोड दिई लक्ष्य विचलनको अवस्था सिर्जना भएको, कमजोर आन्तरिक नियन्त्रण प्रणाली, कमजोर संस्थागत सुशासन, बहुबैंकिङ्ग प्रणालीसँगै ग्राहकमा अत्यधिक ऋणको अवस्था, कर्मचारीलाई तालिमको अभाव, ग्राहक दुर्व्यवहार र संरक्षणमा समस्या, सुगम क्षेत्रमा मात्र केन्द्रित रही दुर्गममा अझै पहुँचमा कमी, लघुवित्तको मोडलमा समस्या जस्ता आन्तरिक समस्या लघुवित्त वित्तीय संस्थामा रहे भएकै देखिन्छ।[४] आन्तरिक समस्याका अतिरिक्त मिटरब्याजीसँग सम्बन्धित आन्दोलन, सहकारीहरूमा आएको समस्या, ऋण नतिर्ने अभियान र यसको राजनीतिकरण, आर्थिक गतिविधिमा आएको शिथिलतासमेतका कारण समग्र लघुवित्त वित्तीय संस्थाहरू दबाबमा रहेको भन्ने पनि देखिन्छ।[५]

२०. प्रस्तुत रिट निवेदनमा मूलतः "लघुवित्त विरुद्ध सङ्घर्ष समिति" नामक गुटबन्दीले लघुवित्त संस्थाहरुको कामकारबाहीमा प्रतिकूल असर पार्ने गरी गैरकानूनी क्रियाकलाप गरिरहेको भन्ने जिकिर लिइएको देखिन्छ। सो समिति (गुटबन्दी) को हालसम्म कानूनी अस्तित्व नै नरहेको हुँदा उक्त समितिलाई विपक्षी नबनाइएको निवेदन जिकिर रहेको देखिन्छ। सो सम्बन्धमा विपक्षी नेपाल लघुवित्त बैङ्कर्स सङ्घको लिखित जवाफमा सङ्घ र लघुवित्तीय संस्था विरुद्धको सङ्घर्ष समितिका बीच मिति २०७९।०९।०५ मा १२ बुँदे सम्झौता भएको र मिति २०७९।०९।०६ को पत्रमार्फत नेपाल राष्ट्र बैङ्कका गभर्नरलाई सो सम्झौताको जानकारी गराइएको भन्नेसम्म उल्लेख भएको देखिन्छ। सोही लिखित जवाफसाथ संलग्न कागजात हेर्दा लघुवित्त वित्तीय संस्थाको लगानीलाई अझ बढी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, सङ्घर्ष समितिले लघुवित्त विरुद्धको सबै किसिमका सङ्घर्षका कार्यक्रमहरु स्थगीत गर्ने समेतका विभिन्न १२ बुँदामा नेपाल लघुवित्त बैङ्कर्स सङ्घ र लघुवित्तीय संस्था विरुद्धको सङ्घर्ष समितिका बिचमा सम्झौता भएको भन्ने देखिन्छ। नेपाल लघुवित्त बैङ्कर्स सङ्घको विभिन्न मितिको प्रेस विज्ञप्ति तथा नेपाल सरकारका गृह मन्त्रीलाई मिति

---

[३] नेपाल राजपत्र भाग ५, खण्ड ७५, सङ्ख्या ४२, मिति २०८२।०७।२७

[४] नेपाल राष्ट्र बैङ्क, "लघुवित्त वित्तीय संस्थाहरुका समस्या र समाधान", २०८०, पृ.viii

[५] *Id.*

२०७९।०४।३० मा प्रेषित गरेको निवेदनबाट "लघुवित्त विरुद्ध सङ्घर्ष समिति" नामक अवैधानिक समूहले बैङ्क, वित्तीय संस्था तथा लघुवित्त संस्थाहरु विरुद्ध आन्दोलनको घोषणा गर्ने, लघुवित्तको कारोबारलाई बाधा पुऱ्याउने, कर्मचारीलाई धम्की दिने तथा आक्रमण गर्ने, अराजक व्यवहार गर्ने समेतका गैरकानूनी कामकारबाही गरीआएको भन्ने देखिन्छ। मुलुकको शासकीय प्रणाली तथा वित्तीय प्रणालीप्रतिको गुनासो, चासो, सरोकारलाई विधिसम्मत रुपले राज्यसमक्ष राख्न सकिने भए तापनि विद्यमान वित्तीय प्रणालीविरुद्ध सङ्गठित रुपमा आक्रमण गर्ने, अवाञ्छित बाधा अवरोध सिर्जना गर्ने समेतका काम कारबाही कानूनसम्मत रहे भएको मान्न सकिँदैन। यस प्रकारका लघुवित्त संस्था विरोधी गैरकानूनी काम कारबाहीको विषयमा विपक्षीहरुलाई जानकारी नभएको भन्ने पनि देखिँदैन। राज्यले कानून बनाई सञ्चालन गर्न अनुमति दिई सर्वसाधारणको दैनिकीसँग जोडिएका आर्थिक क्रियाकलाप सञ्चालन गर्ने वित्तीय संस्थालाई संरक्षण र सुरक्षा दिनु राज्यको दायित्व हुन जान्छ।

२१. सर्वसाधारणको निक्षेप सङ्कलन गर्ने, त्यस्तो निक्षेपबाट लघुकर्जा प्रवाह गर्ने, कर्जा असुली गर्ने, सामूहिक रुपमा आर्थिक गतिविधि बढाउने, निक्षेप फिर्ता गर्ने समेतको आर्थिक एवम् मौद्रिक क्रियाकलाप सञ्चालन गर्ने लघुवित्त संस्था स्वभाविक रुपमा अत्यन्त संवेदनशील क्षेत्र हो। संस्थागत सुशासन, कानूनसङ्गत सञ्चालन विधि र पद्दति एवम् सोप्रतिको लाभग्राहीको विश्वासका आधारमा नै यस्ता वित्तीय संस्था दिगो रुपमा क्रियाशील हुन सक्दछन्। यस्तो संस्थाको कामकारबाहीको विरुद्धमा हुने अवान्छित कार्यले यस्तो संस्थामा राखिएको निक्षेप जोखिमपूर्ण हुने, यस्तो संस्थाप्रतिको विश्वसनीयता गुम्ने तथा अन्तरआवद्धतामा रहेको सम्पूर्ण वित्तीय प्रणाली नै जोखिममा पर्ने हुन्छ। यसर्थ, वित्तीय कारोबार गर्ने संस्थामा प्रभावकारी आन्तरिक नियमन तथा सुपरीवेक्षण प्रणाली कायम गर्नुका साथै वाह्य हस्तक्षेपबाट सुरक्षाको प्रबन्ध गरिएको हुन्छ। वित्तीय संस्था विरुद्धका गैरकानूनी गतिविधिलाई राज्यका निकायले थप संवेदनशील रुपमा बोध गरी चुस्त सुरक्षा व्यवस्था कायम गर्नु समेत सरकारको दायित्व हुने देखिन्छ।

२२. विपक्षी गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयले मुलुकमा सुशासन र शान्ति सुरक्षा कायम गर्न आवश्यक कारबाही गरिरहेको भनी लिखित जवाफमा जिकिर लिए तापनि लघुवित्त संस्था विरोधी कामकारबाही उपर कारबाही गरी पाउँ भनी नेपाल लघुवित्त बैङ्कर्स सङ्घबाट नेपाल सरकारका गृह मन्त्रीलाई मिति २०७९।०४।३० मा प्रेषित गरेको निवेदन तथा त्यस्तो गैरकानूनी घटनाको सम्बन्धमा उचित उपचार प्रदान गर्न आग्रह गरी निवेदकहरुले मिति २०७९।१०।०६ मा पत्राचार गरेको भन्ने निवेदन

जिकिरको सम्बन्धमा ठोस कारबाही अघि बढाएको भनी विपक्षीहरुले लिखित जवाफमा खुलाउन सकेको देखिँदैन। नेपाल राष्ट्र बैङ्कको अध्ययनबाट समेत लघुवित्त वित्तीय संस्थाउपर आन्तरिक तथा बाह्य जोखिम बढ्दो क्रममा रहेको भन्ने देखिएको छ। यसबाट लघुवित्त वित्तीय संस्थाउपर भइरहेका वा हुनसक्ने गैरकानूनी क्रियाकलाप नियन्त्रणका लागि राज्यका निकायले यथेष्ट र प्रभावकारी कारबाही गरिरहेको भन्ने देखिन आएन।

२३. जहाँसम्म वैकल्पिक उपचारको मार्ग हुँदा हुँदै असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट जारी गर्न नमिल्ने भन्ने विपक्षीहरुको लिखित जवाफ छ, सो सम्बन्धमा हेर्दा संवेदनशील बैङ्किङ्ग तथा वित्तीय क्षेत्रमा हुन सक्ने कसूरजन्य कार्यलाई राज्यले प्रतिक्रियात्मक (Reactive) रुपमा नभई सक्रिय (Proactive) रुपमा जोखिम पहिचान गरी जोखिम न्यूनीकरणका लागि प्रभावकारी उपाय अवलम्बन गर्नु आवश्यक हुन्छ। नियमित कानूनी व्यवस्था बमोजिम अपराध अनुसन्धानको प्रतिक्रियात्मक पद्धतिबाट मात्र वित्तीय संस्थाउपर सङ्गठित रुपमा हुने आक्रमण वा अन्य गैरकानूनी गतिविधि यथोचित र प्रभावकारी रुपमा सम्बोधन हुन सक्ने पनि देखिँदैन। यस स्थितिमा लघुवित्तमा आवद्ध सदस्यहरुलाई धाक, धम्की दिने, लिएको ऋण कर्जा सुविधा भुक्तानी गर्न चाहने लाभग्राहीलाई भुक्तानी गर्न नदिने, कर्मचारीमाथि भौतिक आक्रमण गर्ने, लघुवित्तको कार्यालयमा आक्रमण गर्ने, लघुवित्तको धितो सुरक्षणमा राखिएको सम्पत्ति असुलउपर गर्दा प्रतिकार गर्ने, कर्जा मिनाहाको झुटो आश्वासन दिई जबर्जस्ती समितिमा आबद्ध गर्ने लगायतका सङ्गठित रुपमा हुने लघुवित्त संस्था विरोधी गैरकानूनी गतिविधि नियन्त्रण गर्न राज्यका निकायले पर्याप्त र प्रभावकारी कारबाही गरेको भन्ने देखिन नआएकाले सो हदसम्म यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी न्यायिक हस्तक्षेप गर्नुपर्ने देखिन आयो।

२४. यसप्रकार लघुवित्त वित्तीय संस्थाले प्रचलित कानून बमोजिम सम्पादन गर्नुपर्ने काम कारबाही गर्न विभिन्न चरणमा गैरकानूनी तवरले बाधा अवरोध सिर्जना हुने गरेको भन्ने रिट निवेदनबाट देखिन्छ। त्यस्ता गैरकानूनी क्रियाकलाप नियन्त्रण गर्न प्रचलित कानून बमोजिम राज्यका निकायहरु क्रियाशील रहेको भन्ने विपक्षीहरुको लिखित जवाफ रहे तापनि राज्यका निकायहरुको प्रभावकारिता कमजोर हुँदा वित्तीय संस्थाको कार्यसम्पादनमा गैरकानूनी अवरोध हुने गरेको देखिन आएको छ। यस स्थितिमा प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन गरी वित्तीय सुशासन, शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी वित्तीय प्रणालीलाई सुरक्षित, स्थिर र विश्वसनीय कायम राख्न

आवश्यक कारबाही शीघ्रताका साथ अघि बढाउनु भनी विपक्षीहरुको नाममा परमादेश जारी गर्नु पर्ने देखियो।

२५. अब "लघुवित्त विरुद्ध सङ्घर्ष समिति" नाम र कानून विपरीतको उद्देश्य सहितको संस्था दर्ता नगर्नु, नगराउनु भनी प्रतिषेधको आदेश माग भएतर्फ विचार गर्दा के कस्तो उद्देश्य र नाम भएका संस्था दर्ता गर्न सकिने भन्ने विषयमा संस्था दर्ता ऐन, २०३४ मा प्रष्ट व्यवस्था रहेको देखिन्छ। साथै, कम्पनी ऐन, २०६३ को दफा ६ मा कानून विपरीतको नाम वा उद्देश्य हुने कम्पनी दर्ता गर्न इन्कार गर्न सकिने प्रष्ट व्यवस्था रहेको देखिन्छ। संस्था वा कम्पनी दर्ता गर्न अख्तियार प्राप्त अधिकारीलाई के कस्ता संस्था दर्ता गर्ने र के कस्ता संस्था दर्ता नगर्ने भनी प्रचलित कानूनले नै प्रष्ट व्यवस्था गरेको विषयमा कुनै अमुक नाम वा उद्देश्यको संस्था दर्ता नगर्नु भनी असाधारण अधिकारक्षेत्रबाट हस्तक्षेप गर्नु रिट कानूनको सिद्धान्त अनुकूल हुने नदेखिँदा माग बमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन।

२६. अब, वित्तीय संस्था सञ्चालनमा अवरोध पुऱ्याउने कार्यहरुलाई आपराधिककरण गर्न कानूनी व्यवस्था गरीपाउँ भन्ने निवेदन जिकिरको सम्बन्धमा हेर्दा प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४, मुलुकी अपराध संहिता, २०७४, आवश्यक सेवा सञ्चालन ऐन, २०१४, स्थानीय प्रशासन ऐन, २०२८ समेतका कानून बमोजिम वित्तीय संस्थाको सञ्चालन, नियमन, संरक्षण र कामकारबाही सुचारु भइरहेको भन्ने देखिन्छ। रिट निवेदनमा दावी गरिएका लघुवित्त वित्तीय संस्था विरुद्धका मुख्य गैरकानूनी कार्यलाई प्रचलित कानूनमा कसूर कायम गरी सजायको व्यवस्था भइरहेकै भन्ने देखिन्छ। यसर्थ, रिट निवेदनमा उठान गरिएका लघुवित्त विरोधी क्रियाकलापलाई नियन्त्रण गर्ने विषय मूलतः विद्यमान कानूनको कार्यान्वयनसँग सम्बन्धित विषय रहे भएको देखिँदा कानूनमै संशोधन गर्नु वा नयाँ कानून बनाउनु भनी आदेश जारी गरी पाउँ भन्ने निवेदन जिकिर युक्तिसङ्गत देखिँदैन। साथै, मुलुकमा के कस्तो कानून बनाउने, के कुन विषयलाई फौजदारी कसूर कायम गर्ने र त्यस्तो कसूरमा के कुन सजाय हुने भन्ने विषय विधायिकी बुद्धिमत्ता र अधिकारक्षेत्र (Legislative Competence and Exclusive Legislative Wisdom) को विषय भएको हुँदा न्यायको रोहमा माग बमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन।

२७. अतः माथि विवेचित तथ्य, आधार र कारणबाट लघुवित्त वित्तीय संस्थाबाट कानूनसम्मत रुपमा सम्पादन हुने काम कारबाहीको विरुद्धमा गैरकानूनी भेला, सम्मेलन, आन्दोलन, बहिस्कार लगायतका कार्यक्रम गर्ने, लघुवित्तमा आवद्ध

सदस्यहरुलाई धाक, धम्की दिने, लिएको ऋण कर्जा सुविधा भुक्तानी गर्न चाहने लाभग्राहीलाई भुक्तानी गर्न नदिने, कर्मचारीमाथि भौतिक आक्रमण गर्ने, लघुवित्तको कार्यालयमा आक्रमण गर्ने, लघुवित्तको धितो सुरक्षणमा राखिएको सम्पत्ति असुलउपर गर्दा प्रतिकार गर्ने, कर्जा मिनाहाको झुटो आश्वासन दिने समेतका गैरकानूनी काम कारबाही भएको भन्ने देखिएको र त्यस्तो काम कारबाही नियन्त्रण गर्न विपक्षीहरुबाट प्रभावकारी कारबाही भए गरेको नदेखिएको हुँदा लघुवित्त वित्तीय संस्थाको कानूनसम्मत कार्यसम्पादनमा अवरोध गर्ने जुनसुकै गैरकानूनी काम कारबाहीउपर सक्रिय (Proactive) रुपमा प्रचलित कानून बमोजिम प्रभावकारी र शीघ्र कारबाही गर्नु, गराउनु, लघुवित्त वित्तीय संस्थाको काम कारबाहीमा कुनै प्रकारको अवरोध हुन नदिनू भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रत्यर्थीहरुलाई दिनू। प्रस्तुत आदेशको विद्युतीय प्रति मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी प्रस्तुत निवेदनको लगत कट्टा गरी प्रस्तुत आदेशसहितको मिसिल नियमानुसार गरी बुझाई दिनू।

बालकृष्ण ढकाल
न्यायाधीश

उक्त रायमा सहमत छु।

हरिप्रसाद फुयाल
न्यायाधीश

इजलास अधिकृतः नविन गड्तौला

इति संवत् २०८२ साल पुष ०६ गते रोज १ शुभम्.........................................।